## के हुन्छ यदि...

युवा आमाबुवासँग बस्दैन?

आमाबुवा छुट्टिएर बेसका छन् वा सम्बन्ध विच्छेद गरेका छन्?

## विद्यालयमा भर्ना गर्न:

तपाईं (आमाबुवा, अभिभावक, वा स्याहारकर्ता) ले युवा तपाईंसँगै बस्दछ र उसमाथि तपाईंको पूर्ण र स्थायी संरक्षणत्व तथा नियन्त्रण छ भन्ने कुरा सिद्ध गर्नु पर्दछ। यसका लागि, तपाईं स्कूल डिस्ट्रिक्टलाई निम्न कुराहरू देखाउन सक्नुहुन्छ:

- तपाईंको संरक्षण वा संरक्षकत्वको प्रमाण

  वा
- एउटा वकपत्र (सपथ अन्तर्गत हस्ताक्षर गरिएको लिखित वक्तव्य) जसले तपाईंसँग बच्चा माथि "पूर्ण र स्थायी संरक्षणत्व तथा नियन्त्रण" छ भन्ने जनाउँदछ

  वा
- अन्य प्रमाण जस्तै बच्चालाई कुनै संघीय निकायको आर्थिक संरक्षणमा राखिएको छ भनी जनाउने कागजात।

युवाहरूले अस्थायी आवासका लागि विभिन्न आवश्यकताहरू पूरा गर्नु पर्दछ (यी युवाहरूमा, जस्तै, आफ्नो घरबाट भागेका वा निकालिएका युवाहरू पर्दछन्)।

अस्थायी आवास र भर्नाको बारेमा थप जानकारीका लागि, NYS-TEACHS लाई at 800-388-2014 मा फोन गर्नुहोस्।

## थप जानकारीका लागि:

**भर्नाका लागि आवश्यक कुराहरू:**

NYS शिक्षा विभाग
विद्यार्थी सहायता सेवा कार्यालय
(Office of Student Support Services)
(518) 486-6090

**आप्रवासी बालबालिका तथा युवाको भर्ना:**

NYS शिक्षा विभाग
द्विभाषी शिक्षा तथा
विश्व भाषाको कार्यालय
(718) 722-2445

**अस्थायी आवासमा बालबालिका तथा युवाको भर्ना:**

घरबारविहिन विद्यार्थीहरूका लागि NYS प्राविधिक तथा शिक्षा सहायता केन्द्र (NYS-TEACHS)
(800) 388-2014

NYS शिक्षा विभाग
घरबारविहीन शिक्षाका लागि राज्य समन्वयक
(518) 473-0295

यो पर्चा लागूयोग्य नियामक प्रावधानहरूको एउटा सार हो र यो जानकारी दिने उद्देश्यका लागि मात्र हो। लागूयोग्य नियामक आवश्यकताहरूका बारेमा थप जानकारीका लागि, कृपया कुनै वकीलसँग परामर्श लिनुहोस् वा 8 NYCRR सेक्सन 100.2(x) र 100.2(y) हेर्नुहोस्, जुन संशोधन भई सन् 2015 जुलाई 1 देखि लागू भएको थियो।

अगस्ट 2015



# विद्यालय भर्नाका नयाँ नियमहरू बुझ्नका लागि मार्गदर्शन



New York State
EDUCATION DEPARTMENT
Knowledge › Skill › Opportunity

## विद्यालयमा भर्ना गर्नका लागि, तपाईंले निम्न कुराहरू सिद्ध गर्नुपर्दछ:

- तपाईं स्कूल डिस्ट्रिकमा बस्नुहुन्छ र यहीं बस्ने उद्देश्य छ। यो भनेको तपाईं यहाँकै "निवासी" हुनुहुन्छ भन्ने कुरा सिद्ध गर्नु हो।

  र
- तपाईंको बच्चाको उमेर।

*के तपाईंलाई तपाईं पनि आफ्नो बच्चा भर्ना भएकै डिस्ट्रिक्टमा बस्नुहुन्छ भन्ने कुरा कसरी सिद्ध गर्ने भन्ने कुरा थाहा छ?*

*तपाईंलाई आफ्नो बच्चाको उमेर कसरी प्रमाणित गर्ने भन्ने कुरा थाहा छ?*

## के तपाईंलाई थाहा थियो:

- तपाईंको बच्चालाई तपाईंले अनुरोध गरेको एकदिन भित्रमा भर्ना गर्नैपर्छ।
- बालबालिका तथा युवाहरूले कागजात नभएपनि वा उनीहरू नागरिक नभएपनि निः शुल्क सार्वजनिक शिक्षा प्राप्त गर्न सक्छन्।
- विद्यालयहरूले भर्नाको समयमा वा शर्तको रूपमा तपाईंसँग तपाईंको सामाजिक सुरक्षा कार्ड वा सामाजिक सुरक्षा नम्बर माग्न *सक्दैनन्*।
- विद्यालयहरूले भर्नाको समयमा वा शर्तको रूपमा आप्रवासन स्थितिको बारेमा सोध्न *सक्दैनन्* (तर भर्नापछि तिनीहरूले तपाईंलाई तपाईंको बच्चा कुन देशमा जन्मिएको थियो भन्ने बारेमा प्रश्न सोध्न सक्छन्)।
- आवास स्थिति सिद्ध गर्ने थुप्रै तरिकाहरू छन्। विद्यालयले तपाईंलाई करार वा कागतपत्र मात्र माग गर्न *सक्दैन* र तिनीहरूले तपाईंलाई विकल्पहरू पनि प्रदान गर्नुपर्छ।
- तपाईंसँग तपाईंको बच्चाको जन्मदर्ताको प्रमाणपत्र नभएपनि तपाईंको बच्चालाई विद्यालयमा भर्ना गर्न सकिन्छ।
- युवाहरू आफ्ना आमाबुवासँग नबस्ने भए तापनि उनीहरूलाई निश्चित परिस्थितिहरूमा भर्ना गर्न सकिन्छ।

अस्थायी आवासमा रहेका बालबालिका तथा युवाहरू भर्नाका लागि सामान्यतया चाहिले कागजातहरू बिनै विद्यालयमा भर्ना हुनसक्छन्। यदि बालबालिका तथा युवाहरूलाई रातीको समयमा बस्न निश्चित, नियमित, तथा पर्याप्त आवासको कमी छ भने तिनीहरू अस्थायी आवासमा राखिन्छन् वा घरबारविहीन हुन्, उदाहरणका लागि:

– आश्रममा बस्ने वा,
– आफ्नो घर गुमाएकोले वा निकालिनु परेको कारणले आफ्नो नातेदार वा साथीसँग घर शरण परेका।

## तपाईंले आवास स्थिति सिद्ध गर्नसक्ने तरिकाहरू:

- करार वा कागतपत्र
- तपाईंले भाडा तिर्ने व्यक्तिबाट प्राप्त वकपत्र (शपथसहित हस्ताक्षर गरिएको लिखित वक्तव्य), जुन वकपत्रले तपाई त्यहाँ बस्नुहुन्छ भन्ने कुरा बताउँछ।
- तपाईंले भाडा तिर्ने व्यक्तिबाट प्राप्त एउटा पत्र जुन पत्रले तपाईं त्यहाँ बस्नुहुन्छ भन्ने कुरा बताउँछ
- कुनै अर्को व्यक्तिबाट प्राप्त एउटा पत्र जुन पत्रले तपाईं तपाईंकै ठेगानामा बस्नुहुन्छ भन्ने कुरा बताउँछ
- अन्य कागजातहरू, जस्तै:
  - तपाईंको ठेगाना देखाउने तलब रसिद
  - तपाईंको ठेगाना देखाउने आयकर फाराम
  - तपाईंको नामको जनोपयोगी सेवा (पानी, बिजुली आदि) को रसिद वा अन्य रसिद
  - आवासमा आधारित सदस्यता कागजातहरू, जस्तै स्थानीय पुस्तकालय कार्ड
  - मतदाता परिचय पत्र
  - चालक अनुमतिपत्र, वा स्वीकृति पत्र, वा गैर-चालक परिचय पत्र
  - राज्य वा सरकारले जारी गरेका अन्य परिचय पत्र
  - सामाजिक सेवा निकाय वा शरणार्थी पुनर्वास संघीय कार्यालय जस्ता सरकारी निकायहरूबाट प्राप्त कागजातहरू
  - संरक्षण वा संरक्षकत्वका कागतपत्रहरू

यदि स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चा उसको आवास नभएको कारणले डिस्ट्रिक्टको विद्यालय जान सक्दैन भन्ने निर्णय लियो भने, डिस्ट्रिक्टले तपाईंलाई आफ्नो निर्णय र निर्णय माथि कसरी पुनर्विचार गर्ने भन्ने कुरा व्याख्या गरिएको पत्र दुई दिन भित्रमा दिनैपर्छ।

## बच्चाको उमेर सिद्ध गर्ने तरिकाहरू:

- प्रमाणित जन्मदर्ताको प्रमाणपत्र (कुनैपनि देशबाट प्राप्त भएको)
- व्याप्तिस्मल (ईसाइ नामकरण-संस्कार) रेकर्ड (कुनैपनि देशबाट प्राप्त भएको)
- पासपोर्ट (कुनैपनि देशको)

यदि तपाईंसँग जन्मदर्ताको प्रमाणपत्र, व्याप्तिस्मल रेकर्ड, वा पासपोर्ट छैन भने, तपाईं कम्तिमा पनि दुई वर्षको लागि आफूसँग भएका अन्य कागजातहरू प्रयोग गर्न सक्नुहुन्छ, जस्तै:

- चालक अनुमतिपत्र
- राज्य वा सरकारी परिचय पत्र
- जन्ममिति भएको विद्यालय फोटो परिचय पत्र
- वाणिज्यदूतावासको परिचय पत्र
- अस्पताल वा स्वास्थ्य सम्बन्धी रेकर्डहरू
- सैनिक माथि आश्रित रहेको परिचय पत्र
- संघीय/राज्य-स्तरीय/स्थानीय निकायहरूबाट प्राप्त अन्य कागजातहरू (जस्तै: सामाजिक सेवा विभाग, शरणार्थी पुनर्वास कार्यालयबाट प्राप्त कागजातहरू)
- अदालती आदेशहरू
- मूल अमेरिकी जनजाती सम्बन्धी कागजात
- अन्तर्राष्ट्रिय सहायता निकायहरू वा स्वयंसेवी निकायहरूबाट प्राप्त रेकर्डहरू